# पाठ १

# शिक्षण सेवा हुन सक्छ

तपाईं शिक्षक हुनुभएको परमेश्वरले चाहनुहुन्छ भन्ने कुरा के तपाईंलाई थाहा छ? यो सत्य हो भन्ने कुरा तपाईंले यस अध्ययनमा सिक्नुहुनेछ। तपाईंले सिकाएको परमेश्वर किन चाहनुहुन्छ र सेवाको रूपमा कसरी सिकाउन सकिन्छ भन्ने कुरा तपाईंले सिक्नुहुनेछ। ख्रीष्टियान शिक्षणको बारेमा सिक्नुहुँदा तपाईंले आनन्द मनाउनुहुनेछ भन्ने कुरामा म निश्चित छु। तपाईंले सिक्नुहुँदा नयाँ विचारहरूलाई व्यवहारमा लगाउनुहुनेछ।

पढ्नका निम्ति तपाईंलाई केही महत्त्वपूर्ण बाइबल पदहरू दिइनेछ। हाम्रो पहिलो पाठमा हामी मत्ती २८:१६-२०-लाई हेर्नेछौं। शिक्षणको बारेमा हामीले जान्न आवश्यक पर्ने केही कुराहरूलाई यी पदहरूले बताउँछन्।

परमेश्वरको बारेमा मानिसहरूलाई थाहा गराउनको निम्ति परमेश्वरले प्रयोग गर्ने तरीकाहरूमध्ये ख्रीष्टियान शिक्षण पनि एक तरीका हो भन्ने कुरा तपाईंले यस पाठमा देख्नुहुनेछ। सबै-



भन्दा महत्त्वपूर्ण सत्यताहरूलाई बाइबलमा भेट्टाइन्छ र उहाँले यो सत्यता प्रत्येक व्यक्तिसँग बाँड्न चाहनुहुन्छ। ख्रीष्टियान शिक्षकहरू बन्नका लागि उहाँले हामीलाई सहायता गर्नुहुन्छ, यसरी सत्यता प्राप्त गर्नको निम्ति हामी अरूहरूलाई सहयोग पुऱ्याउन सक्छौं।

**यस पाठमा तपाईंले यी विषयहरूको अध्ययन गर्नुहुनेछ. . .**

ख्रीष्टियान शिक्षण फरक हुन्छ
- अरू शिक्षणबाट फरक
- प्रचार र साक्षीबाट फरक

ख्रीष्टियान शिक्षण आत्मिक हुन्छ
- आज्ञा
- पाठ्यपुस्तक
- सहयोगी
- विद्यार्थी

**यस पाठले तपाईंलाई यी विषयहरूमा सहायता पुऱ्याउनेछ. . .**

- सामान्य शिक्षण र ख्रीष्टियान शिक्षणको बीचमा भएको भिन्नतालाई उल्लेख गर्न।
- प्रचार र साक्षीबाट शिक्षण कसरी फरक छ सो व्याख्या गर्न।
- ख्रीष्टियान शिक्षण आत्मिक सेवा हो भन्ने कुराहरूको कारण दिन।

## ख्रीष्टियान शिक्षण फरक हुन्छ

उद्देश्य १ : *सामान्य शिक्षण र ख्रीष्टियान शिक्षणको बीचमा भएको भिन्नतालाई वर्णन गर्नुहोस्।*

### अरू शिक्षणबाट फरक

यस संसारमा विभिन्न किसिमका कुराहरू सिकाइन्छ। विभिन्न ठाउँहरूमा शिक्षण गरिन्छ। हामीले *सिकाउनु* वा *शिक्षण* शब्द सुन्दा हामी प्रायःजसो विद्यालयको बारेमा विचार गर्ने गर्छौं। तर कक्षा कोठाभन्दा बाहिर नै धेरै शिक्षण क्रियाकलाप हुन्छ।

किन शिक्षण हाम्रो दैनिक जीवनको अति महत्त्वपूर्ण भाग बनेको छ? यसलाई उत्तर दिनका लागि हामी शिक्षणको फराकिलो परिभाषा दिन्छौं? केही कुरा सिक्नको लागि अर्को व्यक्तिलाई सहयोग गर्नु यो हो। सिकिएको कुरा सूचना, ज्ञान वा कुशलता हुन सक्छ। यस संसारमा जिउनको निम्ति हामी-ले धेरै कुराहरू सिक्नु आवश्यक छ, यसैले शिक्षण महत्त्वपूर्ण छ।

### तपाईंको अभ्यासको निम्ति

*तपाईंको अभ्यासको निम्ति* भनिने यी प्रत्येक खण्डमा भएका प्रश्नहरू वा अभ्यासहरूले तपाईंले अध्ययन गरेका कुराहरूलाई दोहोऱ्याउन वा प्रयोग गर्न सहायता पुऱ्याउँछन्। तपाईंले प्रत्येक खण्डलाई पूरा गर्नुभएपछि आफ्ना उत्तरहरू जाँच्नुहोस्। प्रत्येक पाठको अन्तमा उत्तरहरू दिइएका छन्।

१ शिक्षण किन आवश्यक छ व्याख्या गर्नुहोस्।

.................................................................................

२ यस वाक्यलाई पूरा गर्ने उत्तरको अगाडिको अक्षरमा घेरा लगाउनुहोस्ः हामीसँग भएको ज्ञान अरूहरूसँग बाँड़ेर, हामीः

**क.** कुशल बन्छौं
**ख.** भिन्नै बन्छौं
**ग.** -ले शिक्षण गरेका हुन्छौं

### तपाईंका उत्तरहरूको जाँच गर्नुहोस्

तब ख्रीष्टियान शिक्षणचाहिँ परमेश्वर र हाम्रा बीचको सम्बन्धको हाम्रो ज्ञान अरूहरूलाई बाँड्नु र व्याख्या गर्नु हो। परमेश्वरसँग जीवनमा वृद्धि हुने बारेमा सिक्नका लागि अर्को व्यक्तिलाई सहयोग गर्ने परमेश्वरले दिनुभएको सेवा यो हो।

ज्ञान मात्र चाहिँ पर्याप्त हुँदैन। कुनै व्यक्तिको जीवनमा नतीजाहरू देख्ने आत्मिक महत्त्व पनि त्यहाँ हुन्छ।

ख्रीष्टियान शिक्षणले केवल वास्तविकताहरूलाई मात्र प्रस्तुत

गर्ने होइन। यसले सिकारुलाई परमेश्वरको वचनको आज्ञा पालन गर्न लगाउँछ, जुन वचन उसलाई प्रस्तुत गरिएको हुन्छ। हामीले आज्ञा पालन गर्दा हामी परमेश्वरसँगको ठीक सम्बन्धमा आउँछौं (यूहन्ना ८:३१ र याकूब १:२२-२५ हेर्नुहोस्।)

ख्रीष्टियान शिक्षकले विद्यार्थीको जीवनमा नतीजाको निम्ति शिक्षण गर्छ। विद्यार्थीले सिकेका कुरा उसको कामबाट प्रकट भएन भने उसले सिकेको ठहरिँदैन। येशूले पनि केवल ज्ञान मात्र प्रदान गर्नुभएन। आफ्नो शिक्षणबाट जीवनहरू परिवर्तन भएका उहाँले देख्नुभयो।

ख्रीष्टियान शिक्षण परमेश्वरको बारेमा सिक्नका लागि अर्को व्यक्तिलाई सहयोग पुऱ्याउनु हो, यसरी उसको जीवन परमेश्वरद्वारा परिवर्तन हुन सक्छ।

## तपाईंको अभ्यासको निम्ति

**३** तल दिइएको प्रश्नको निम्ति कोष्ठमा दिइएका उत्तरहरूमध्ये एउटा ठीक उत्तर छानी खाली ठाउँमा भर्नुहोस्।

**क.** ख्रीष्टियान शिक्षणको सेवा कसले दिएको हो?

..................................................................

(परमेश्वर\मानिस)

**ख.** ख्रीष्टियान शिक्षणले हामीलाई र अरूहरूलाई ............................................ सहायता गर्छ।

(ज्ञान प्राप्त गर्न\आत्मिक रूपमा वृद्धि हुन)

**ग.** ख्रीष्टियान शिक्षण सामान्य शिक्षणभन्दा फरक छ, किनकि यसले ............ बारेमा सिक्न हामीलाई सहायता पुऱ्याउँछ।

(संसारका थोकहरूका\परमेश्वरका)

## प्रचार र साक्षीबाट फरक

उद्देश्य २ः *प्रचार र साक्षी शब्दहरूलाई परिभाषित गर्नुहोस्।*

प्रेरितहरूले सुसमाचार फैलाउनका निम्ति तीनवटा तरीकाहरूलाई प्रयोग गरेका छन्। तपाईंले यी प्रत्येकका बारेमा सुन्नुभएको छ र तपाईं आफैले पनि ती प्रयोग गर्नुभएको होला। तिनीहरू हुन्ः

प्रचार
साक्षी
शिक्षण

लूका २०:१-मा येशूले सिकाउने र प्रचार गर्ने दुवै काम गर्नुभयो। प्रेरित ५:४२-ले हामीलाई बताउँछ कि प्रेरितहरूले येशूको बारेमा "सिकाउन र प्रचार गर्न छोडेनन्।"

प्रचार गर्नुको अर्थचाहिँ के हो त? तपाईंलाई अति मन परेको र भर्खरै मात्र तपाईंले सुन्नुभएको उपदेशलाई विचार गर्नुहोस्। के कुनै प्रकारमा आफू परिवर्तन हुने निर्णयमा पुग्नलाई तपाईंका भावनाहरूले के तपाईंलाई प्रेरणा दिइरहेका थिए, जहाँ तपाईंले त्यही भावनाअनुरूप नै काम गर्नुभयो?

प्रचार गर्नुचाहिँ सुसमाचारको सन्देशलाई यसरी घोषणा गर्नु हो, जहाँ सुन्ने व्यक्तिले यस सन्देशलाई स्वीकार गरी यसअनुसार काम गर्छ। एउटा प्रचारकले स्रोताहरूलाई उनको सन्देशमा विश्वास गरी यसलाई ग्रहण गर्ने प्रेरणा दिन्छन्। कहिलेकहीं प्रचारमा शिक्षण पनि हुन्छ। दुवैले स्रोतामा परिवर्तनको आशा राखेका हुन्छन्। तर शिक्षणले *व्याख्या* गर्छ र प्रचारले चाहिँ *सन्देशको* घोषणा गर्छ र पश्चात्ताप र समर्पणको माग गर्छ।

प्रेरित १०:३४-४३ पढ्नुहोस्। कर्नेलियसको घरमा जम्मा भएका मानिसहरूलाई पत्रुसले येशूको बारेमा बताए। ३९ पदमा उनी तिनीहरूलाई भन्छन् कि उनी र अरू प्रेरितहरूले येशूले गर्नुभएका सबै कामहरूलाई देखेका वा साक्षी भएका छन्। तिनीहरूले उहाँको मृत्युलाई देखेका थिए। अनि येशूको पुनरुत्थानपछि तिनीहरूले उहाँलाई देखेका थिए। तब पत्रुसले आफ्ना स्रोताहरूलाई भन्छन् कि ख्रीष्टको बारेमा *प्रचार* गर्न र *साक्षी* दिनका लागि परमेश्वरले तिनीहरूलाई आज्ञा दिनुभएको छ।

साक्षी दिनु भनेको अर्थ तपाईंले देख्नु वा अनुभव गर्नुभएको केही कुराको बारेमा बताउनु हो। येशूको जीवनमा भएका धेरै घटनाहरूलाई प्रेरितहरूले देखेका थिए। आफूले देखेका कुरा जब तिनीहरूले अरूलाई बताए, तिनीहरूले साक्षी दिइरहेका थिए।

तपांईंको निम्ति प्रभुले गर्नुभएको कामको बारेमा यदि तपाईंले कसैलाई बताउनुभयो भने, तपाईंले साक्षी दिइरहनुभएको हुन्छ। प्रभुले तपाईंको जीवनमा गर्नुभएको काम वास्तविक काम हो। तपाईंले यसलाई अनुभव गर्नुभएको छ।

### तपाईंको अभ्यासको निम्ति

**४** बायाँपट्टि दिइएको परिभाषालाई दायाँपट्टि दिइएको सेवासँग जोडा मिलाउनुहोस्।

| | |
|---|---|
| .... **क** सुसमाचारको घोषणा गर्नु | १) शिक्षण |
| .... **ख** तपाईंको निम्ति परमेश्वरले गर्नुभएको केही कुराको बारेमा बताउनु | २) प्रचार |
| .... **ग** सत्यताको व्याख्या गर्नु | ३) साक्षी |

५ तपाईंको जीवनमा प्रभुले गर्नुभएको कामको छोटो साक्षी लेख्नुहोस्। ............................................................
..................................................................................
..................................................................................

✔ **तपाईंका उत्तरहरूको जाँच गर्नुहोस्**

प्रचार र साक्षीजस्तै शिक्षण पनि महत्त्वपूर्ण छ। सुसमाचार दिनका लागि हामीलाई यी तीनै तरीकाहरूको आवश्यकता पर्छ। सिकाउनको लागि तयारीको आवश्यकता पर्छ, तर इनामहरू-चाहिँ अचम्मका हुन्छन्। तपाईंको शिक्षण सेवाको बारेमा प्रभुको अगुवाइको निम्ति तपाईंले अहिले प्रार्थना गर्न थाल्नुपर्छ।

## ख्रीष्टियान शिक्षण आत्मिक हुन्छ

आफ्ना चेलाहरूसँग आफ्ना अन्तिम शब्दहरूमा येशूले तिनीहरूलाई भन्नुभयो कि तिनीहरूका कामको एक भागचाहिँ सिकाउनु हो। उहाँले भन्नुभयोः

> "यसकारण जाओ, र सबै देशका जातिहरूलाई चेला बनाओ, पिता र पुत्र र पवित्र आत्माको नाउँमा तिनीहरूलाई बप्तिस्मा देओ, मैले तिमीहरूलाई आज्ञा गरेका सबै कुरा पालन गर्न तिनीहरूलाई सिकाओ। हेर, म युगको अन्त्यसम्म सधैँ तिमीहरूका साथमा छु।"

यी पदहरूले ख्रीष्टियान शिक्षणलाई वर्णन गरेका छन्।



**आज्ञा**

उद्देश्य ३: *सिकाउनको लागि कसले आज्ञा दियो उल्लेख गर्नुहोस्।*

ख्रीष्टियानहरूको हैसियतमा हामीले सिकाउनुपर्छ भनी येशूले हामीलाई *आज्ञा* दिनुभएको छ। आज्ञा दिनु भनेको अर्थ, "केही कुरामाथि अधिकार गर्नु, केही कुरालाई अधीन गर्नु" भन्ने हुन्छ। तर पहिले कसैले नगरेको काम गर्नका लागि उहाँले हामीलाई अह्राउनुभएको छैन।

पुरानो करारमा मोशाको जीवनसम्बन्धी शिक्षणमा हामीलाई परिचित गराइएको छ। प्रस्थान २४:१२-मा परमप्रभुले मोशालाई भन्नुभयो, "पर्वतमाथि आएर त्यहाँ मेरो सामु बस्। तैंले तिनीहरूलाई सिकाउनलाई मैले लेखेको आज्ञा र व्यवस्थाका ढुङ्गाका पाटीहरू तँलाई म दिनेछु।"

*सिकाउनु* शब्द पनि *शिक्षणको* निम्ति प्रयोग गरिने अर्को शब्द हो। परमेश्वरले मोशालाई दिनुभएका आज्ञाहरू उनले इस्राएलीहरूलाई सिकाउनुपर्ने थियो। हामीले लेवी, गन्ती र व्यवस्थाका पुस्तकहरूमा मोशाको जीवनलाई हेर्दा उनले यो गरेको हामी देख्छौं।

पुरानो करारमा भएका धेरै पूजाहारीहरू र अगमवक्ताहरू पनि शिक्षकहरू थिए। हाम्रो अर्को पाठमा हामी यी मानिसहरूमध्ये केहीको बारेमा नजीकतामा अध्ययन गर्नेछौं।

येशूले प्रचार गर्नुको साथसाथै सिकाउनु पनि भयो। उहाँको शिक्षा परमेश्वरबाट आएको हो भनी उहाँले बताउनुभयो। अहिले नै तपाईंले यूहन्ना १७:६-८ पढ्नुहोस्। येशूले सिकाउनुहुन्छ भनी परमेश्वरले नै योजना बनाउनुभयो। यसरी जब येशूले

हामीलाई सिकाउने आज्ञा दिनुभयो, उहाँले मानव-जातिलाई परमेश्वरको सन्देश दिने परमेश्वरको योजनामा संलग्न तरीकालाई हस्तान्तरण गर्नुभयो।

मण्डलीलाई सहयोग पुऱ्याउने उद्देश्यले परमेश्वरले शिक्षक-हरू दिनुभयो भनी एफिसी ४:११-१२-मा पनि हामी पढ्न सक्छौं:

> अनि उहाँका वरदानहरूचाहिँ यी नै थिए, कि कोही प्रेरितहरू, कोही अगमवक्ताहरू, कोही प्रचारकहरू, कोही मण्डलीका पास्टरहरू र कोही शिक्षकहरू बनून् कि ख्रीष्टको शरीर निर्माण होस् र सेवाको काम गर्न सन्तहरू सुसज्जित होऊन्।

ख्रीष्टको शरीर अर्थात् मण्डलीको निर्माणमा सहयोग पुऱ्याउनका लागि शिक्षकहरूको आवश्यकता पर्छ। शिक्षण सेवा पुरानो करार समयदेखि नयाँ करार लेखाइहरूसम्म परमेश्वरको योजनामा संलग्न भएको छ। मण्डलीको कार्यको एक भागको रूपमा शिक्षण सेवालाई हामीले कायम नै राख्नुपर्छ भनी हामीलाई आज्ञा दिइएको छ।

### तपाईंको अभ्यासको निम्ति

**६** तल दिइएको प्रत्येक **ठीक** बयानको अगाड़िको अक्षरमा घेरा लगाउनुहोस्।

**क**. येशूका चेलाहरूले अरूहरूलाई पनि सिकाउनुपर्छ भनी उहाँले तिनीहरूलाई भन्नुभयो।

ख. बाइबलमा पहिलो शिक्षक येशू हुनुहुन्थ्यो।
ग. मोशा पनि शिक्षण सेवामा संलग्न थिए।
घ. येशूले सिकाउनुभएझैं हामीले पनि सिकाउनुपर्ने कुरा परमेश्वरको योजनामा छ।
ङ. शिक्षण एक सेवा हो।

७ मानिलिऔं, तपाईंका धेरै छिमेकीहरूले तपाईंलाई अहिल्यै भेटिराखेका छन्। परमेश्वरको योजनाको भागको रूपमा तपाईं कसरी शिक्षण सेवालाई प्रयोग गर्न सक्नुहुन्छ?

**तपाईंका उत्तरहरूको जाँच गर्नुहोस्**

**पाठ्यपुस्तक**

उद्देश्य ४: *ख्रीष्टियान शिक्षणमा प्रयोग गरिएको पाठ्यपुस्तकलाई परिचित गर्नुहोस्।*

अब हामी फेरि मत्ती २८:२०-लाई हेरौं। उहाँले आज्ञा गर्नुभएका कुराहरू पालन गर्नका लागि मानिसहरूलाई सिकाउनू भनी उहाँले हामीलाई बताउनुभएको छ। हामीले प्राप्त गरेको सुसमाचार पनि यही नै हो। बाइबलमा सुसमाचारलाई पाउन सकिन्छ, जुनचाहिँ परमेश्वरको वचन हो।

अब मत्ती ५:१७-२० पढ्नुहोस्। येशूले यहाँ हामीलाई भन्नुभएको छ कि मोशाको व्यवस्था वा अगमवक्ताहरूका शिक्षालाई रद्द गर्न उहाँ आउनुभएको होइन। ती सबै नै उहाँका सेवाका भाग थिए। मोशा र अगमवक्ताहरूले सिकाएका कुराहरूका

बारेमा उहाँले बताउनुभयो। अनि उहाँले भन्नुभयो कि यदि हामीले ती कुराहरू सिकायौं भने, हामी स्वर्गको राज्यमा महान् हुनेछौं।

हाम्रो जीवनमा सहयोग पुऱ्याउने उपयोगी वास्तविकताहरूलाई हामी धेरै विषयहरूमा अध्ययन गर्छौं। इतिहासको अध्ययनले हामी बसेको संसारको बारेमा अझ धेरै बुझ्नका लागि हामीलाई सहयोग पुग्छ। गणित, विज्ञान र अरू महत्त्वपूर्ण विषयहरूमा गरिएका अध्ययनहरू पनि अति नै लाभदायक हुन्छन्। तर परमेश्वरको वचनले हाम्रा विद्यार्थीहरूलाई यस जीवनको बारेमा मात्र होइन तर अनन्त जीवनको बारेमा पनि जान्न आवश्यक पर्ने कुरा प्रदान गर्छ।

परमेश्वरको वचनले हामी सबैको निम्ति भएको उहाँको योजनालाई प्रकट गरिदिन्छ। यदि हामी परमेश्वर र मानिसहरूका जीवनका निम्ति भएको उहाँको योजनाको बारेमा तिनीहरू-लाई सिकाउन चाहन्छौं भने हामीले यस पुस्तकलाई प्रयोग गर्नैपर्छ। यो जीवन र अनन्त जीवनको बारेमा सिकाउनका लागि हामीले जान्नुपर्ने आवश्यकीय कुरा बाइबलमा समावेश गरिएको छ।

### तपाईंको अभ्यासको निम्ति

८ तल दिइएको **ठीक** बयानको अगाड़िको अक्षरमा घेरा लगाउनुहोस्।

**क.** हामीले परमेश्वरको वचन सिकाउनैपर्छ भनी येशूले भन्नुभयो।

ख. अनन्त जीवन कसरी पाउन सकिन्छ भनी परमेश्वरको वचनले हामीलाई सिकाउँछ।

ग. बाइबलमा हामी परमेश्वरको योजनाको बारेमा सिक्छौं।

**सहयोगी**

उद्देश्य ५: *ख्रीष्टियान शिक्षणमा सहयोग पुऱ्याउनेको नाम उल्लेख गर्नुहोस्।*

मत्ती २८:२०-ले हामीलाई बताउँछ कि शिक्षणमा हामीले मात्र काम गर्नुपर्दैन। येशूले प्रतिज्ञा गर्नुभयो, "हेर, म यस युगको अन्त्यसम्म सधैं तिमीहरूका साथमा छु।"

सिकाउनलाई उहाँले दिनुभएको आज्ञाको पालन गर्नका लागि तपाईं डराउनुपर्दैन। आफू पिताकहाँ फर्केर जानुभन्दा पहिले अर्को सहयोगी (सल्लाहकार)-का बारेमा येशूले प्रतिज्ञा गर्नुभयो। उहाँले भन्नुभयो:

> पितासँग म बिन्ती गर्नेछु, र उहाँले तिमीहरूलाई अर्को सल्लाहकार दिनुहुनेछ, र उहाँ तिमीहरूसँग सदासर्वदा रहनुहुनेछ। परमेश्वरको बारेमा सत्यता प्रकट गर्नुहुने आत्मा उहाँ नै हुनुहुन्छ (यूहन्ना १४:१६-१७)।

येशूले पवित्र आत्मालाई *सल्लाहकार* भन्ने नाम दिनुभयो। तपाईंको शिक्षण सेवामा तपाईंलाई यसले के अर्थ दिन्छ?

हामीले परमेश्वरको सेवा गर्दा पवित्र आत्माले हामीलाई कसरी सहायता गर्नुहुन्छ भन्ने सम्बन्धमा येशूले यूहन्ना १४:२६-मा हामीलाई बताउनुभएको छ। उहाँले भन्नुभयो, "तर सल्लाहकार,

अर्थात् पवित्र आत्मा, जसलाई पिताले मेरो नाउँमा पठाउनुहुनेछ, र मैले तिमीहरूलाई भनेका सबै कुरा तिमीहरूलाई याद दिलाउनुहुनेछ।''

येशूले आज्ञा गर्नुभएका कुराहरूको पालन गर्नका लागि मानिसहरूलाई सिकाउनू भनी येशूले भन्नुभएको वचनलाई याद गर्नुहोस्। येशूले व्यक्तिगत रूपमा यी कुराहरू हामीसँग भन्नुभएको हामीले सुनेका छैनौं, तर ती वचनहरू लेखिएको बाइबलचाहिँ हामीसँग छ। यदि हामीले यी वचनलाई अध्ययन गरेका छौं भने, याद गर्नका लागि पवित्र आत्माले हामीलाई सहायता गर्नुहुन्छ र यसरी जे मानिसहरूलाई सिकाइनुपर्ने हो सो हामी सिकाउन सक्छौं।

कुनै व्यक्तिको जीवनमा भएको समस्याको बारेमा ऊसँग कुराकानी गर्दा त्यस अवस्थामा आवश्यक पर्ने वचन तपाईंको मनमा आएको कुरा के तपाईंले अनुभव गर्नुभएको छ? सम्झनका लागि पवित्र आत्माले हामीलाई सहायता गर्नुहुन्छ। उहाँ हाम्रा सल्लाहकार हुनुहुन्छ।

परमेश्वरले तपाईंलाई सहयोग नगरीकन उहाँले तपाईंलाई केही पनि काम गर्न लगाउनुहुन्न। सिकाउनू भन्ने उहाँको आज्ञालाई जब तपाईं पालन गर्नुहुन्छ, तपाईंको शिक्षण सेवामा तपाईं आफूले सक्दो उत्तम कार्य गर्नका लागि पवित्र आत्माले तपाईंलाई सहायता पुऱ्याउनुहुनेछ।

**तपाईंको अभ्यासको निम्ति**

६ येशूले सिकाउनुभएझैं सिकाउनका लागि हामीलाई सहायता

गर्न परमेश्वरले कसलाई पठाउनुभयो?

..............................................................................

१० तपाईंले सिकाउनुहुँदा पवित्र आत्मा कसरी तपाईंका सल्लाहकार हुन सक्नुहुन्छ, एउटा तरीकालाई वर्णन गर्नुहोस्।

..............................................................................

..............................................................................

**तपाईंका उत्तरहरूको जाँच गर्नुहोस्**

**विद्यार्थीहरू**

उद्देश्य ६: *कसलाई सिकाइनुपर्छ वर्णन गर्नुहोस्।*

प्रत्येक व्यक्तिलाई सिकाउनुपर्छ भनी येशूले हामीलाई भन्नुभएको छ। मत्ती २८:१६-२०-मा उहाँले भन्नुभयो, "यसकारण जाओ र सबै देशका जातिहरूलाई चेला बनाओ।" यसको अर्थ यही नै हुन्छ कि प्रत्येक पुरुष, स्त्री र बालकलाई ख्रीष्ट येशूका आज्ञाहरू पालन गर्नका लागि सिकाइनुपर्छ।

कहिलेकहीँ हामी विचार गर्छौं कि हाम्रा मण्डलीहरू र बाल-सङ्गति कक्षाहरूमा मात्र हामीले सिकाउनुपर्छ। तर येशूले भन्नुभयो कि हामीले "सबै ठाउँका सबै मानिसहरू"-लाई सिकाउनुपर्छ। मानिसहरूलाई हामी जहाँ-जहाँ भेट्टाउँछौं, तिनीहरूलाई सिकाउनका निम्ति हामी तयार हुनुपर्छ।

हाम्रा छिमेकीहरू, मित्रहरू र नातेदारहरू छन्, जसलाई तिनीहरूका निम्ति भएको परमेश्वरको योजनाको बारेमा सिकाउनु आवश्यक छ। आमा-बाबुको हैसियतले हामीले हाम्रा छोराछोरीहरूलाई सिकाउनुपर्छ। तपाईं अरूहरूकहाँ पुग्नु र सिकाउनुभन्दा पहिले तपाईं मण्डलीमा शिक्षक बनेको हुनुपर्दैन। हामी सबैलाई सिक्ने र सिकाउने आज्ञा दिइएको छ।

माथि उल्लेख गरिएझैं, जब हामी कसैलाई सिकाउँछौं, तब तिनीहरू पनि अरूहरूकहाँ पुगेर उनीहरूलाई सिकाउन सक्छन्। योचाहिँ दहमा ढुङ्गा हानेपछि आउने पानीको लहरजस्तै हो र पानी चलेपछि यो टाढ़ासम्म फैलिन्छ। यसरी नै हाम्रो वरिपरि भएको संसारमा हाम्रो शिक्षा फैलिन्छ।

**तपाईंको अभ्यासको निम्ति**

**११** ख्रीष्टियान शिक्षणको आवश्यकता नपर्ने कुनै व्यक्ति कतै भएजस्तो तपाईंलाई लाग्छ? ................................

......................................................................

पुरुषहरू, स्त्रीहरू, केटाहरू र केटीहरू आफ्ना ख्रीष्टियान जीवनमा वृद्धि हुनका लागि तिनीहरूलाई शिक्षण सेवाको आवश्यकता पर्छ। यस अचम्मको सेवामा तपाईं सहभागी हुनैपर्छ भनी परमेश्वरले योजना गर्नुभएको छ। उहाँले तपाईंलाई सहायता पुऱ्याउनुहुनेछ, तर तपाईंले बाइबल अध्ययन गर्न र तपाईंले चिन्नुभएका मानिसहरूका बारेमा विचार गर्नका लागि

शुरू गर्नुपर्छ। तिनीहरूका निम्ति प्रार्थना गरिदिनुहोस्। तिनीहरूको जीवनको निम्ति परमेश्वरको वचन तिनीहरूलाई सिकाउनका लागि परमेश्वरको सहायताको निम्ति प्रार्थना गर्नुहोस्।

## तपाईंका उत्तरहरूको जाँच गर्नुहोस्

तपाईंका अध्ययन अभ्यासहरूका उत्तरहरूलाई क्रमिक रूपमा दिइएका छैनन्। यसरी अर्को प्रश्नको उत्तरलाई तपाईं पहिल्यै देख्न सक्नुहुन्न। तपाईंलाई चाहिने संख्या मात्र हेर्नुहोस् र अरू उत्तरहरू पहिले नै हेर्ने कोशिश नगर्नुहोस्।

११ थाहा छैन। म पनि त्यसो गर्न सक्दिनँ।

१ यस संसारमा जिउनलाई हामीले जान्नुपर्ने आवश्यक कुराहरूलाई सिक्न यसले हामीलाई सहायता पुऱ्याउँछ।

१० तपाईंको शिक्षणमा तपाईंलाई आवश्यक पर्दा उहाँले पवित्र धर्मशास्त्र बाइबलका पदहरूलाई तपाईंको मनमा ल्याउन सक्नुहुन्छ।

२ ग) शिक्षण

६ पवित्र आत्मा

३ **क**. परमेश्वर
**ख**. आत्मिक रूपमा वृद्धि हुन
**ग**. परमेश्वरका

८ **क**. ठीक
**ख**. ठीक
**ग**. ठीक

४ **क**.२) प्रचार
**ख**.३) साक्षी
**ग**.१) शिक्षण

६ क. ठीक
 ख. बेठीक
 ग. ठीक
 घ. ठीक
 ङ. ठीक

७ तपाईंको उत्तर। उद्धारको योजना र तिनीहरूका निम्ति भएको प्रेमको बारेमा तपाईं तिनीहरूलाई सिकाउन सक्नुहुन्छ।

५ तपाईंको उत्तर। हुन सक्छ प्रभुले तपाईंलाई कुनै प्रकारमा निको पार्नुभएको छ वा तपाईंको परिवारलाई आशिष् दिनुभएको छ।